# कमाण्डर राष्ट्रिय दैनिकमा प्रकाशित

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
महालक्ष्मी नगरपालिका कार्यालय
ललितपुरको

**होडिङ्ग बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड, स्टल, भित्ते लेखन, ब्यानर आदी मा बिज्ञापन कर असुल गर्ने सम्बन्धी सिलबन्दी बोलपत्र आब्हानको सार्वजनिक सूचना**

**तेस्रो पटक {डाँकबढाबढ} प्रकाशित मिति २०७३/१०/२१ गते शुक्रवार**

**यस महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुरवाट आर्थिक वर्ष ०७३/७४ को ठेक्का अवधी २०७३ संझौता भए देखी २०७४ आषाढ मसान्तसम्म अवधिको लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४३ वमोजिम महालक्ष्मी नगरपालिका कार्यालय, ललितपुर क्षेत्रमा राखेको उल्लिखित वस्तुहरूमा कर सङ्कलन गर्न ठेक्काबन्दोबस्त गर्नका लागि मिति २०७३ मंसीर ०२ गते कारोवार राष्ट्रिय दैनिकमा प्रथम पटक १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र मिति २०७३ माघ ०८ गते शनिवार दोस्रो पटक कमाण्डर राष्ट्रिय दैनिक पत्रिकामा ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तोकिएको मिति, स्थान र समयमा कुनै पनि ब्यक्ति फर्महरुवाट सिलबन्दी दाखिला नगरीएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को दफा १६७ को {४} {झ} वमोजिम तेस्रो पटक डाँकबढाबढ गर्नका लागी राष्ट्रिय दैनिक पत्रिकामा ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै न्यूनतम ठेक अंक भ्याट वाहेक रु २ लाख रहेको र टेण्डर फारम दस्तुर रु ३ सय तोकिएकोछ । उल्लिखित ठेक्काका कर/दस्तुरका दररेट र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट (www.mahalaxmimun..gov.np) मा समेत टाँस गरिनेछ । बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयसँग सुरक्षित रहनेछ।**

## बढाबढका शर्तहरु निम्नानुसार छनः

**१. बढाबढ हुने स्थानः महालक्ष्मी नगरपालिकाको कार्यालय, ललितपुर ।**

**२. बढबढको लागी अन्तिम म्यादः मिति २०७३ माघ २७ गते विहिवार दिनको १२ वजेभित्र गर्नुपर्नेछ ।**

**३. बढाबढ हुने मितिः २०७३ माघ २७ गते विहिवार**

**४. बढाबढ हुने समयः दिनको १ वजे देखी**

**५. बढाबढमा भाग लिने पक्षः नेपाली नागरीक भए आफूले कबुल अंकको ५ प्रतिशत र गैर नेपाली भएमा १० प्रतिशत ले हुने रकम जमानत वापत यस कार्यालयको नेपाल बैक लिमिटेड गावहाल शाखामा रहेको ग/३/०१८०३००००००००३०००००७ धरौटी खातामा दाखिला भएको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैकले मान्यता प्राप्त बैकले जारी गरेको ७५ दिनको म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।**

प्रमुख एंव कार्यकारी अधिकृत